# स्थानीय राजपत्र

## ज्वालामूखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः १० मितिः २०७५।०६।०७

**भागः २**

### स्थानीय भारी उपकरण संचालन कार्यविधि, २०७५

**प्रस्तावना** :ज्वालामुखी गाउँपालिकाको प्रथम गाउँसभावाट पारित" **ज्वालामूखी को पुजी ज्वालामूखी भित्रै** "भन्ने मुल मन्त्र लाई आत्मासाथ गर्दैचालु आ.व. २०७४।०७५ मा विनियोजित वजेटवाट भारी उपकरण खरिद गरिएको हुँदा सो संचालनको लागि कार्यविधि वनाउन वान्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरि ज्वालामूखी गाउँकार्यपालिकाको .........बैठकवाट यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधिको नाम “भारि उपकरण संचालन कार्यविधि,२०७५” रहेको छ ।

(ख) यो कार्यविधि ज्वालामूखी गाउँकार्यपालीकाको बैठकवाट पारित हुनासाथ तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) गाउँपालिका भन्नाले ज्वालामूखी गाउँपालिका भन्ने बुझिन्छ ।

(ख) “प्राविधिक” भन्नाले असिस्टेन्ट सव इञ्जिनियर, सव इञ्जिनियर र इञ्जिनियर लाई सम्झनु पर्छ ।

(ग) “अपरेटर भन्नाले गाउँपालिका वा अन्तर्गतका शाखा वा कार्यालयका भारि उपकरण चालकलाई सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले भारि उपकरण संचालन समिति सम्झनु पर्छ ।

(च) “मर्मत सम्भार” भन्नाले गाउँपालिकाको भारि उपकरणको मर्मत सम्भार सम्झनु पर्छ ।

(छ) व्यवस्थापन समिति भन्नाले भारी उपकरण संचालन एंव व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ज) भारी उपकरण भन्नाले व्याकहो लोडर संझनुपर्छ

(झ) उपभोक्ता समिति भन्नाले मेसिन प्रयोग गर्ने उपभोक्ता समिति संझनुपर्छ ।

## परिच्छेद २

## मेसिन संचालन प्रकृया

३. **मेसिन संचालन सम्बन्धमाः**(१) गाउँपालिकाबाट वजेट विनियोजन भै छनौट गरिएका योजनाहरुमा कार्यसम्पादन गर्नका लागि गाउँपालिकाको भारी उपकरणलाई प्राथमिकता दिई कार्य गराइनेछ।

(२) गाउँपालिकाले विनियोजन गरेको योजनाहरुमा काम गर्दा बजेटको परिधिभित्र रहि काम गर्न गराउन कुनै किसिमले बाधा पार्ने छैन।

४. **भाडामा दिनसकिने** :(१) गाउँपालिका क्षेत्र भित्रर वाहिर समेत अन्य व्यक्ति वा संस्थालाई विकास निर्माणको कामहरुमा तोकीएको दररेटको आधारमा भाडामा दिन सकिनेछ।

(२) माथि जुनसुकै कुरा लखिएको भएतापनि गाउँकार्यपालिकाले गर्ने सडक मर्मतको काममा समेत लगाउन सक्नेछ।

५. **व्यवस्थापन समिति सम्बन्धमा** : (क) भारी उपकरण संचालन गर्नको लागि भाडा निर्धारण गर्ने कामको प्राथमिकिकरण गर्ने, मर्मत सम्भारको काम गर्न गराउनको लागि तपशिल बमोजिम एक भारी उपकरण व्यवस्थापन समिति गठन गरिनेछ।

**तपशिल**

| | |
|---|---|
| संयोजक : | गाउँपालिका उपाध्यक्ष |
| सदस्य :- | गाउँपालिका प्राविधिक र गाउँ कार्यपालिकाले तोकेको एक जना महिला सहित २ जना |
| सदस्य : | गाउँपालिकाको भण्डार शाखा प्रमूख |
| सदस्य : | गाउँपालिकाको अर्थिक प्रशासन शाखा प्रमूख |
| सदस्य सचिव :- | प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकामा कार्यरत कर्मचारी - १ |

६. **भारी उपकरण सञ्चालन समितिको काम, कर्तव्य र अधिकार** : (क)

भारी उपकरण मर्मत सम्भारको लागि सिफारिश गर्ने ।

(ख) दररेट तथा अपरेटर र सुपरभाईजरको सेवा सुविधाको सिफारिश गाउँकार्यपालिकामा गर्ने ।

(ग) भाडा सम्झौता गर्ने गराउने ।

(घ) कामको सिलसिलामा विवाद आएमा सम्बन्धित पक्षहरुबीच छलफल गरी विवाद समाधान गर्ने गराउने ।

(ङ) कामको प्रकृती अनुसार प्राथमिकिकरण गरी सम्झौता गर्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र अति आवश्यक परेमा कुनै स्थानमा कार्यरत मेसिन फिर्ता गरी त्यस्तो काममा लगाउने ।

(छ) सुरक्षित एवं व्यवस्थित तवरले भारी उपकरण प्रयोगको व्यवस्था मिलाउने ।

(ज) अपरेटर र सुपरभाईजरको काम सन्तोषजनक नभएमा तत्काल करार सम्झौता खारेज गर्न गाउँपालिकामा सिफारिश गर्ने ।

(२) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यसको सम्पूर्ण रेखदेख तथा नियन्त्रण गर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

(३) नियम ५ बमोजिम गठित समितिको सेवा सुविधा एवं बैठक भत्ता नियमानुसार हुनेछ ।

७. **भाडादर निर्धारण सम्बन्धमा** :(१) समितिले सिफारिश गरे बमोजिम गाउँकार्यपालिकाले निर्णय गरेबमोजिमभाडा दर कायम हुनेछ ।

(२) भारी उपकरण संचालन बापत प्राप्त आम्दानी आन्तरिक आम्दानीको रुपमा ज्वालामूखी गाउँपालिकाको मर्मत सम्भार

कोष खातामा जम्मा गरिनेछ ।

८. **मर्मत सम्भार सम्बन्धमा** : (क) मर्मत सम्भारको लागि गाउँकार्यपालिकाले छुट्टै मर्मत सम्भार कोष खाता सञ्चालन गरि खर्च गरिने छ ।

(ख) भारी उपकरणको मर्मत सम्भार गर्दा आम्दानीको २५ प्रतिशत रकमबाट खर्च गर्ने गरि मर्मत सम्भार कोष खातामा ट्रान्सफर गरी व्यवस्थापन गर्न गरिने छ ।७५ प्रतिशत आम्दानी गा.पा. को संचित कोष खातामा जम्मा गरिने छ ।

(ख) मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको रकम अपुग भएमा गाउँकार्यपालिकाको चालु खर्चबाट व्यहोरिने गरी खर्च गर्न सकिनेछ ।

(ग) मर्मत सम्हार सम्वन्धी विल भरपाई प्रचलित कानुन बमोजिम हुनेछ ।

९. **अपरेटर तथा सुपरभाइजरको योग्यता एंव नियुक्तिः** (१) भारी उपकरण संचालन गर्नको लागि एकजना अपरेटर र एक जना सुपरभाइजर गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसारप्रमुख प्रशासकीय अधिृतले नियुक्ति एवं कारार सम्झौता गरि कामकाज गराउन सक्नेछ। अपरेटर र सुपरभाईजरको योग्यता निम्नानुसार हुनेछ ।

(क) अपरेटरको योग्यता

(अ) नेपाली नागरिक

(आ) कुनै कानुनले अयोग्य नभएको

(इ) भारी उपकरण सवारी चालक अनुमती पत्र भएको

(ई) २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

दफा १०को उपदफा १ मा जेसुकै लेखिएको भएता पनि

माथि उल्लेखित योग्यता पुगेका मध्ये स्थानीय र अनुभवीलाई विषेश प्राथमीकता दिईनेछ ।

(ख) सुपरभाईजरको योग्यता

(अ) नेपाली नागरिक

(आ) कुनै कानुनले अयोग्य नभएको

(इ) २१ वर्ष पुरा भई ४० वर्ष ननागेको

(२) **अपरेटर र सुपरभाइजरको काम, कर्तव्यर अधिकार**

(क) व्यवस्थापनसमितिले तोके वमोजिमको कार्य गर्ने

(ख) खटाएको काममा निहित भईकार्य गर्ने।

(ग) तोकिएको कामभन्दा बाहिर गई अन्य कुनै काम नगर्ने ।

(घ) घर विदा वा अन्य विदा लिनु परेमा पुर्व जानकारी दिई सम्बन्धीत निकायबाट स्वीकृत गरेपछि मात्र विदा बस्ने ।

(ङ) भारी उपकरणको सम्पूर्ण सुरक्षा एवं रेखदेखको जिम्मा लिने ।

(च) भारी उपकरण संचालनको क्रममा कुनै किसिमको समस्या आईपरेमा समयमै त्यसको जानकारी संचालन समितिलाई दिने र प्राप्त निर्देशन अनुसार कार्य गर्ने ।

(छ) कार्य संचालनको क्रममा शुरुदेखीको अन्तिमसम्मको भारी उपकरणको लकसिट नियमित गर्ने ।

(ज) प्रत्येक दिनको क्रियाकलापको बारेमा समितिका संयोजक वा जिम्मेवार पक्षलाई जानकारी गराउने ।

(झ) समितिले तोकेको काम कर्तव्य पूरा गरी मेसिन सम्बन्धि अभिलेख चुस्त दुरुस्त राख्ने ।

(१०) **तलव भत्ता सम्बन्धमा** : (१) अपरेटरको हकमा न्यूनतम तलव स्केल र अन्य सेवा सुविधा सम्वन्धमा संचालन समितिको सिफारिसमा

गाउँकार्यपालिकाले पारित एवं पुनरावलोकन गरे अनुसार हुनेछ ।

(२) सुपरभाइजरको हकमा सञ्चालन समितिको सिफारिश अनुसार एकमुष्ठ पाउने गरी गाउँकार्यपालिकाले पारित एवं पुनारावलोकन गरे अनुसार हुनेछ ।

(३) अन्य सेवा सुविधाका हकमा निर्णय भन्दा वाहेक अपरेटर र सुपरभाइजरले कुनै किसिमले दावी गर्न पाउने छैन ।

(११) **निर्माण कार्य सम्बन्धमा** : (१) निर्माण कार्यको क्रममा कुनै विवाद उत्पन्न भएमा विवाद समाधान तथा भारी उपकरणको सुरक्षा सम्वन्धीत योजनाको उपभोक्ता समितिले गर्नुपर्नेछ ।

(२) विवादको कारण भारी उपकरणमा कुनै क्षति हुन गएमा सम्वन्धीत योजनाका उपभोक्ता समिति जिम्मेवार हुनेछ ।

(३) कुनै पनि विवादको कारण भारी उपकरण संचालन कार्य रोकेर राख्न पाइनेछैन । यदि भारी उपकरण रोकेर राख्ने अवस्था सृजना भई आर्थिक हानी नोक्सानी भएमा सो को जिम्मेवारी उपभोक्ता समिति हुनुपर्नेछ ।

(४) निर्माणको क्रममा भारी उपकरण आयोजना स्थलमा जाँदा वा आउँदाको एकतर्फी खर्च उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

(५) भारी उपकरण संचालन गर्दाको समयमा मेसिनको अपरेटर तथा सुपरभाइजरको खाना तथा बासको व्यवस्था सम्वन्धीत उपभोक्ता समितिले गर्नुपर्नेछ ।

(६) भारी उपकरणको प्रकृति हेरी उपभोक्ता समितिले काम लगाउन सक्नेछ तर, निर्माणको क्रममा कडा चट्टान भेटिएमा चालक र सुपरभाइजरलाई दवाव दिई काममा लगाउन पाइने छैन । यदि यस्ता कार्य गराएमा सो को जिम्मेवारी सम्वन्धीत उपभोक्ता समितिले लिनुपर्नेछ ।

(७) भारी उपरकरणको जिम्मा लिने व्यक्ति उपभोक्ता समितिको

जिम्मेवार पदाधिकारी अध्यक्ष, कोषाध्यक्ष वा सचिव मध्येबाट एक जना हुनु पर्ने छ ।

(१२) **सम्झौता एवं भुक्तानी सम्बन्धमा :** (१) उपभोक्ता समिति र भारी उपकरण संचालन समितिविच आपसमा दोहोरो सम्झौता गरि मात्र कार्य थालनी गरिनेछ ।

(२) सम्झौतामा उल्लेखित बुँदाहरुको पालना दुवै पक्षले जिम्मेवार भई गर्नुपर्नेछ र सम्झौता गर्दा आवश्यक पर्ने शर्तका विषयहरु भारी उपकरण संचालन समितिले छलफल गरी तय गर्नेछ ।

**परिच्छेद–३**

## विविध

(१) अन्तिम फरफारकका लागि तोकीए वमोजिमको कागजात तोकीएको समयमा पेश गर्नु गराउनु सम्वन्धीत उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

(२) गाउँपालिकाको योजनाको निर्माण कार्य गरेवापत सम्वन्धीत योजनाको लागि गाउँ सभाले विनियोजन गरेको वजेटवाट भारी उपकरणको रकम कटाई उपभोक्ता समितिलाई भुक्तानी दिईनेछ ।

(१३) **व्याख्या एवं बाधा अड्काउ फुकाउ** : यस कार्यविधिकोअन्तिम व्याख्या एवं वाधा अड्काउ फुकाउने कार्य गाउँकार्यपालिकाले गर्ने छ ।

(१४) **परिमार्जन तथा संशोधन** : कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

आज्ञाले

**बद्रिनाथ लम्साल**

प्रमुख पशासकीय अधिकृत

स्थानीय भारी उपकरण संचालन कार्यविधि, २०७५, मूल्य रु. ५।-